"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): ०८१/०८२
चलानी नं. (Reg. No.):

पशु सेवा शाखा

# प्रस्ताव आवहानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/१०/०६

प्रस्तुत विषयमा यस महालक्ष्मी नगरपालिका पशु सेवा शाखाको आ.ब. २०८१/०८२ को बागमति प्रदेश सरकारको सशर्त अनुदानतर्फ प्राप्त कार्यक्रमहरु **पशुपालन प्रवर्दन कार्यक्रम (गाईपालन) महालक्ष्मी-९ र पशुपालन प्रवर्दन कार्यक्रम महालक्ष्मी-८ कार्यक्रम** बागमति प्रदेश सरकारको स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१ अनुसार ५० प्रतिसत लागत साझेदारीमा सहभागी हुन इच्छुक कृषक समूह/ पशुपालनमा आवद्द सहकारी संस्थाहरु नीजी फर्म उधमीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन आवहान गरिन्छ । साथै रीत नपुगी र म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा जानकारी गराइन्छ ।

कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु | कार्यक्रम लागु हुने क्षेत्र | सञ्चालन गरिने क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | पशुपालन प्रवर्दन कार्यक्रम (गाईपालन) महालक्ष्मी-९ | पटक १ | १० लाख | महालक्ष्मी-९ क्षेत्रभित्र | • गोठ निर्माण<br>• मेसिनरी औजार उपकरणहरु काउ म्याट खरीद समेत<br>• उत्पादन र उत्पादकत्व बृद्दिलाई दिगो वनाउने अन्य वस्तुहरु । |
| २ | पशुपालन प्रवर्दन कार्यक्रम महालक्ष्मी-८ | पटक १ | १० लाख | महालक्ष्मी -८ क्षेत्रभित्र | • गोठ निर्माण<br>• मेसिनरी औजार उपकरणहरु काउ म्याट खरीद समेत<br>• उत्पादन र उत्पादकत्व बृद्दिलाई दिगो वनाउने अन्य वस्तुहरु । |

कार्यक्रममा सहभागी हुने आवेदक संस्थाको न्यूनतम योग्यता

- आवेदक संस्थाले पशुपालन प्रवर्दनको लागि गर्ने कृयाकालापहरुको लागत अनुमान सहित ५० प्रतिसतम लागत साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- कार्यक्रममा सहभागी गराउने सम्वन्धित वडा कार्यालयको सिफारिस ।

"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"
# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): ०८१/०८२
चलानी नं. (Reg. No.):

## पशु सेवा शाखा

- आवेदकले गर्ने कृयाकलापहरु निर्माण सम्वन्धि कार्य भएमा अनुमानित लागत (सामग्रीहरुको विवरण सहित) र मेसिनरी औजार उपकरण भएमा स्पेसिफिकेसनको प्रतिलिपी पेस गर्नुपर्नेछ ।
- आवेदक संस्था महालक्ष्मी नगरपालिका वा आधिकारीक निकायमा दर्ता भएको हुनुपर्ने ।
- आवेदक संस्थाले नियमित रुपमा साधारण सभा र लेखा परीक्षण गरेको हुनुपर्ने ।
- स्थायी लेखा नम्वर लिएको र करचुक्ता भएको हुनुपर्ने ।
- समुह/सहकारीको हकमा कम्तीमा १० सदस्यले गाई/भैसीपालन गरेको हुनुपर्ने । प्रति सदस्यले कम्तीमा दुई वटा माउ गाई/भैसीपालन गरेको हुनुपर्ने ।
- बाख्रा र बगुरको हकमा कम्तीमा १० सदस्यले पालन गरेको हुनुपर्ने । प्रति सदस्यले कम्तीमा ५ माउ पालन गरेको हुनुपर्ने ।
- निजी फर्मको हकमा गाईभैसी भएमा कम्तीमा ३ वटा माउ गाईभैसी, बाख्रा भएमा १० माउ र बंगुर भएमा कम्तीमा ५ माउ पालन गरेको हुनुपर्नेछ।
- बिगत बर्षहरुमा कुनै किसिमको कारवाहीमा नपरेको र बिगत २ वर्षभित्र कुनै निकायबाट समान प्रकृतिको अनुदान रकम नलिएको स्वघोषणा गर्नुपर्नेछ।
- जग्गाधनी आफै भएमा लालपुजाको प्रतिलिपी, भाडाको जग्गा भएमा ५ बर्षको बहाल सम्झौता पत्रको प्रतिलिपी अनिर्वाय हुनुपर्ने छ ।

नोटः थप जानकारीको लागि महालक्ष्मी नगरपालिका (पशु सेवा शाखा) वा पशु सेवा केन्द्र लामाटारमा सम्पर्क राख्नुहुन।

२०८१।१।१६

... दीप पौडेल
प्रमुख प्रशासकीय अधिकृत